# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६ (संख्या ३) असाड २२ गते २०८०


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२
## नगद सहायता (सञ्चालन) कार्यविधि, २०८०

कार्यपालिकावाट स्वीकृत मिति :२०८०/०३/०८/

**प्रस्तावना,**

चामुण्डाबिन्द्रसैनी नगरपालिका क्षेत्र भित्र प्राकृतिक र गैर प्रकृतिक विपदको उच्च जोखिममा रहेका वा विपदवाट प्रवाभित जनतालाई मानवीय सहायतार्थ तत्कालको बहु आवश्यकता पूरा गर्नको लागि तथा जीविकोपार्जन स्वरुप प्रदान गरिने नगद सहयोगलाई व्यवस्थित, संस्थागत तथा एकरुपता ल्याउनको लागि आवश्यक कार्यविधि बनाउन बान्छनीय भएकाले,

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ३० तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी चामुण्डाबिन्द्रासैनी नगर कार्यपालिकाले यो कार्यविधि बनाइ जारी गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “नगद सहायता (सञ्चालन) कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले चामुण्डाबिन्द्रसैनी नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) “राहत” भन्नाले विपद प्रभावित व्यक्तिलाई उपलब्ध गराइने नगद तथा बस्तुगत सहायतालाई सम्झनुपर्छ ।

(ग) “नगद सहायता” भन्नाले विपद पूर्व, विपदको समयमा या विपद पश्चात प्रभावित व्यक्ति वा परिवारलाई प्रदान गरिने आर्थिक (नगद) सहयोग सम्झनुपर्छ ।

(घ) “कोष” भन्नाले ऐनको दफा १२ बमोजिमको कोष सम्झनुपर्छ ।

(ङ) “प्रभावित व्यक्ति” भन्नाले विपद्को उच्च जोखिममा रहेका वा विपदको घटनाबाट परिवारको सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गाजमिन,





पशुपन्छी, खाद्यान्न लत्ताकपडा तथा अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्छ ।

(च) “विपद्को जोखिममा रहेको व्यक्ति” भन्नाले संभाव्य विपदबाट शारीरिक वा मानसिक समस्या उत्पन्न हुन सक्ने, घर, जग्गा जमिन, पशुपन्छी, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पतिमा आंशिक वा पूर्ण रुपमा नोक्सानी हुनसक्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(छ) “समिति” भन्नाले यस नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐनको दफा ३ बमोजिमको नगर विपद व्यबस्थापन समिति सम्झनुपर्छ ।

(ज) “नगद सहायता ढाँचा” भन्नाले यस कार्यविधि बमोजिम नगद प्रबाह गर्दा अपनाईने ढाँचालाई सम्झनुपर्छ ।

(झ) “संयोजक” भन्नाले समितिको संयोजक सम्झनुपर्छ ।

(ञ) “वित्तीय सेवा प्रदायक” भन्नाले प्रचलित कानुन अनुसार स्थापना भइ वित्तीय सेवाहरु प्रदान गर्ने संस्थाहरु सम्झनुपर्छ ।

(ट) “नगरपालिका” भन्नाले चामुण्डाबिन्द्रसैनी नगरपालिकालाई सम्झनुपर्छ ।

(ठ) “न्यूनतम खर्च टोकरी” भन्नाले प्रति व्यक्ति जीविकोपार्जनको लागि आबस्यक पर्ने खाधान्न एवं अन्य अति आबश्यक बस्तुको एकमुष्ट आकार सम्झनुपर्छ ।

(ड) “विपद् उत्तरदायी सामाजिक सुरक्षा” भन्नाले विपद् पूर्व, विपद्को समयमा वा विपद् पश्चात राहत वा सहयोगलाई छिटो, कम खर्चिलो र प्रभावकारी बनाउनको लागि विद्यमान सामाजिक सुरक्षा कार्यक्रमको संयन्त्र वा तथ्याङ्क प्रयोग गरिने कार्यलाई सम्झनुपर्छ ।

(ढ) “वितरण पश्चात अनुगमन” भन्नाले यस कार्यविधिको अनुसूची-४ मा उल्लेख गरिए बमोजिम राहत तथा पुर्नलाभ स्वरुप प्रदान गरिएको नगदको उपयोगिता एवं प्रभावकारिता वारे अध्ययन गर्ने उद्धेश्यले वितरण पश्चात गरिने अनुगमनलाई सम्झनुपर्छ ।

(ण) “बजारको द्रुत-लेखाजोखा” भन्नाले कुनै पनि विपदको घटना पूर्व, विपदको समयमा र विपद पश्चात द्रुत गतिमा गरिने बजारको लेखाजोखालाई सम्झनुपर्छ ।

(त) “विपद्/संकट-पूर्व बजार नक्सांकन” भन्नाले सामान्य अवस्थामा विपद् पूर्वतयारीको उद्देश्यले बजार संचालनका मुख्य तत्वहरु, विपद्ले प्रभाव पार्न सक्ने क्षेत्रहरु, गोदाम-ढुवानीको अवस्था, सामाग्रीहरुको उपलब्धता एवं मूल्य तथा विपद्को समयमा सृजना हुनसक्ने अवस्थाको बारेमा विपद्पूर्व गरिने अध्ययन एवं नक्सांकनलाई सम्झनुपर्छ ।

(थ) “E–CASH” भन्नाले विधुतीय माध्यमबाट श्रोत हुँदै लाभग्राहीसम्म पुर्याईएको नगद रकम तथा पुर्याउने विधिलाई सम्झनुपर्छ । यस अन्तर्गत बैंक तथा वित्तीय सेवा प्रदायकहरुको खातामा जम्मा गरेको रकम, मोबाइल फोनको कक मार्फत पठाइएको रकम, विधुतीय कार्डहरुमा जम्मा गरिएको रकम, तथा उक्त सेवा प्रदायकहरु मार्फत जम्मा गरिने या लाभग्राही सम्म पुर्याउने जस्ता कार्यलाई सम्झनुपर्छ ।

**३. आवश्यक सूचना एवं तत्थांकको आधार :** प्रचलित बिधि एवं नियमसंगत प्राप्त भएका वा प्राप्त गर्न सकिने द्रुत लेखाजोखा, जोखिम एवं संकटासन्नता नक्सांकन, क्षति एवं आवश्यकता विश्लेषण, विपद सम्बन्धी अधिकारिक सूचना तथा विद्यमान सामाजिक सुरक्षा कार्यक्रमको तथ्याङ्कलाई मुख्य आधार मानी यस कार्यविधिको कार्यान्वयन गरिने छ ।

### परिच्छेद - २
### बजारको लेखाजोखा

**४. बिपद् वा संकट पूर्वको बजार नक्सांकन सम्बन्धी व्यबस्था :** नगरपालिकाले सामान्य अवस्थामा बजार आपूर्ति व्यबस्था, गोदाम-ढुवानीको अवस्था एवं क्षमता, न्यूनतम अत्यावश्यक आधारभत् सामाग्रीहरुको

उपलब्धता एवं आपूर्ति श्रृंखला, वित्तिय संस्थाहरुको उपस्थिति एवं उक्त संस्थाहरुले प्रदान गर्ने सेवाहरुको उपलब्धता, उक्त सेवामा लाभग्राहीहरुको पहुँच, यातायात सहजता एवं चुनौती, सुरक्षा व्यवस्था, बस्तु तथा सेवाको मुल्य तथा विपदको समयमा सृजना हुन सक्ने अन्य सम्भावित अवस्थाको बारेमा विपद वा संकट आउनु पूर्वनै आफ्नो क्षेत्र भित्रको बजार विश्लेषण एवं नक्सांकन गर्नु पर्नेछ।

**५. बजारको द्रुत लेखाजोखा सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले विपद् वा संकट पश्चात तत्काल बजार संचालनको अवस्था, आवश्यक सामग्रीको उपलब्धता, खुद्रा तथा थोक व्यबसायको अवस्था एवं प्रतिकार्य गर्न सक्ने क्षमता, बजार सम्मको पहुँच, माग आपूर्ति सम्बन्ध, प्रतिस्पर्धात्मक अवस्था आदिको आधारमा बजारको प्रारम्भिक विश्लेषण गरि नगद सहायताको सम्भाव्यता अध्ययन गर्नुपर्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम प्रारम्भिक विश्लेषण गरि उपयुक्तताको आधारमा नगद वा बस्तुगत राहत वा दुवै वितरण गर्ने सम्वन्धमा आवश्यक निर्णय गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको लेखाजोखा गर्न अनुसुची (१) बमोजिमको फारमको प्रयोग गर्नु पर्नेछ। अनुसुची (१) बमोजिमको थप एवं बिस्तृत सूचना संकलन गर्नुपर्ने अवस्था आएमा विश्लेषणात्मक प्रश्न थप गर्न सकिने छ।

## परिच्छेद - ३
## कार्यक्रमको ढाँचा निर्धारण र आधारहरु

**६. नगद सहयोग कार्यक्रमको ढाँचा निर्धारण :** (१) नगरपालिकाले विपद्को अवस्था प्रतिकुल मौषमको संभाव्यता, उपयुक्तता, बजार सञ्चालनको अवस्था, बजेटको उपलब्धता, प्रभावितहरुको संख्या र व्यवस्थापन तथा सञ्चालन खर्च जस्ता आधारहरुको विश्लेषण गरि देहाय अनुसारको नगद सहायता ढाँचा निर्धारण गर्नु पर्नेछ।

(क) वहुउद्देश्यीय नगद सहयोग निर्धारित सहयोग रकम एकैपटक वा पटक पटक गरि प्रभावित व्यक्ति वा परिवारहरुलाई विना शर्त राहत स्वरुप प्रदान गरिनेछ।

(ख) सशर्त नगद अनुदान लाभग्राहीहरुलाई शीघ्र पुनर्लाभ, पुनर्स्थापना तथा पुनःनिर्माण कार्यमा संलग्न गराइ निश्चित शर्त सहित नगद सहायता प्रदान गरिनेछ।

(ग) कामका लागि नगद कार्यक्रम निश्चित समयको लागि आर्थिक तथा समाजिक विकास जस्ता कार्यमा संलग्न भइ काम गरे वापत कामको प्रकृति अनुसार प्रचलित दररेटको आधारमा नगद सहायता प्रदान गरिनेछ।

(घ) भौचर पद्धति मार्फत सामाग्री वितरण कार्यक्रम कुनै आधारभुत न्युनतम अत्यावश्यक सामाग्रीहरु स्थानिय बजारमा उपलब्ध हुन नसक्ने अवस्थामा वा उक्त सामाग्री हासिल गर्न लाभग्रहीलाई अधिक लागत लाग्ने अवस्था भएमा मानविय सेवामा कार्यरत साझेदार संघसंस्थाहरुसंग समन्वय गरि भौचर पद्धति मार्फत लाभग्रहीहरुलाई उक्त सामाग्रीहरु सहयोग गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रभावित लाभग्राहीहरुलाई नगद सहायता प्रत्यक्ष नगद हस्तान्तरण वा बैंक मार्फत वा वित्तीय सेवा प्रदायकहरुले संचालन गर्ने रेमिट्यान्स, मोबाइल एप्स, स्मार्ट कार्ड जस्ता नविनतम E–CASH प्रविधिको प्रयोग गरि उपलब्ध गराईनेछ।

**७. नगद सहायता कार्यक्रमको ढाँचा निर्धारणको आधार :** (१) नगरपालिकाले नगद सहायताको ढाँचा निर्धारण गर्दा देहाय बमोजिमका आधारहरुलाई लिनुपर्नेछ।

(क) वहुउद्देश्यीय नगद सहयोग ढाँचाका आधारहरु :-

(अ) विपद्को सम्भाव्य जोखिम वा संकटजन्य महामारी सम्भाव्य जोखिम पुर्व वा पश्चात जनधनको व्यापक क्षति हुनसक्ने वा हुन गइ विभिन्न क्षेत्रगत सामाग्रीहरु सहायता गर्न समय लाग्ने देखिएमा,



खण्ड ६ (संख्या ३) असाड २२ गते २०८०

(आ) संभावित विपदको पुर्व सूचना प्रणाली थप विश्वसनीय र प्रभावकारी हुँदै गएको अवस्थामा,

(इ) फरक फरक न्युनतम आवश्यकता पूर्ति गर्न असहज परिस्थिति हुने अवस्था रहि प्रभावितहरुको आफ्नै छनौटमा आवश्यकता पूर्ति गर्नु पर्ने भएमा,

(ई) निर्धारित बस्तुगत सहायताले प्रभावितहरुको आवश्यकता पूर्ति गर्न नसक्ने अवस्था भएमा,

(उ) बजार संचालन र आपूर्तिको अवस्थामा सहजता भएमा

(ख) शसर्त नगद अनदुान वितरणका आधारहरु :-

(अ) विपद संभावित जोखिममा रहेका परिवार वा प्रभावितहरुलाई शीघ्र पुनर्लाभ, पुर्नस्थापना तथा पुनर्निर्माणको कार्यहरु गर्नुपर्ने भएमा,

(आ) विपद् प्रभावितहरुलाई स्वरोजगारी प्रदान गरी प्रतिकार्य गर्ने अवस्था भएमा,

(ग) कामका लागि नगद सहायता रकम वितरणका आधारहरु :-

(अ) विपद् पश्चात जनसंख्याको ठुलो हिस्सा बेरोजगार हुन गइ अस्थाइ रोजगारीको अवस्था सजृना भएमा,

(आ) नियमित प्रकृतिका स्थानीय स्तरका रोजगारीका अवसरहरु विपदले नराम्ररी प्रभावित गरेको अवस्था भएमा,

(इ) आर्थिक, सामाजिक, एवं भौतिक पूर्वाधार निर्माण/पुननिर्माण गर्नुपर्ने अवस्थामा,

(घ) भौचर पद्धति मार्फत सामग्री वितरणका आधारहरु :-

(अ) अत्यावश्यक सामाग्रीहरु स्थानीयवासीले सहज उपलब्ध हासिल गर्न नसकेको अवस्थामा,

(आ) अत्यावश्यक या बिशेष महत्वका सामाग्रीहरु स्थानीय बजारमा उपलब्ध नभएको अवस्थामा,

(इ) अत्यावश्यक या बिशेष महत्वका सामाग्रीहरु हासिल गर्न लाभग्राहीहरुलाई अधिक लागत लाग्ने अवस्था भएमा।

(२) उपदफा (१) मा उल्लेखित ढाँचाहरुको निर्धारण समितिले गर्नेछ।

## पररच्छेद - ४
## नगद सहायता वितरणको विधि तथा प्रक्रिया

**८. लाभग्राही वर्गको पहिचान** : (१) नगरपालिका भित्रका लाभग्राही वर्गको पहिचान सम्बन्धीत वडा कार्यालले गरि सोको सूची समितिमा पेस गर्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा धनजनको क्षति वा जीविकोपार्जनमा पर्न गएको असरको आधारमा पूर्ण क्षति तथा आंशिक क्षतिमा बर्गिकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बर्गिकरणमा विपन्न तथा विशेष संरक्षण गर्नुपर्ने बर्गलाई छुट्टै पहिचान गर्नुपर्नेछ।

(४) समितिले उपदफा (१) बमोजिम पेस हनु आएको सूची उपर आवश्यक जाँचबुझ गरि लाभाग्राहीहरुको अन्तिम सूची तयार गर्नुपर्नेछ र यस्तो सुची कार्यालयको सूचना पाटी वा वेवसाईट मार्फत सार्वजनिक गर्नुपर्नेछ।

(५) लाभाग्राही पहिचानको अभिलेखाङ्कन फाराम अनुसूची (२) बमोजिम हुनेछ।

**९. लाभग्राही पहिचानको आधार** : संभाव्य विपद्को उच्च जोखिममा रहेका परिवार वा विपद/संकटबाट प्रभावित भइ दैनिक जीविकोपार्जनमा कठिनाइ भएका व्यक्ति वा परिवारलाई नगद सहायता गर्ने प्रयोजनको लागि देहाय बमोजिमका आधारहरु लिनु पर्नेछ।

(क) परिवारको कुनै पनि सदस्य ( हरु) सार्वजनिक पदमा नरहेको,

(ख) घरायसी/ पारिवारिक सदस्य कुनै रोजगार पेसा वा व्यवसाय र आम्दानीको श्रोत वा वेतनभोगी नभएको,

(ग) साबिकमा पेसा व्यवसाय वा रोजगारीको अन्य कुनै स्रोत भएता पनि हाल विपद वा संकटबाट पूर्ण रुपमा क्षति भएको,

(घ) सरकारी वा सार्वजिक वा कुनै संघ/संस्थाबाट तलब पेन्सन वा अन्य आय आर्जन नभएको,

(ङ) असहाय तथा आफ्नो हेरचाह आफै गर्न नसक्ने अवस्था रहेको,

(च) अशक्त, ज्येष्ठ नागरिक, एकल महिला, गर्भवती महिला तथा बालबालिकाहरुको संरक्षण गर्ने परिवारको सदस्य नै प्रभावित भएको,

(छ) विपद् तथा संकटको कारण कुनै भौगोलिक क्षेत्र वा समदुाय वा बस्ति प्रभावित भएको ।

**१०. नगद सहायता रकमको निर्धारण :** (१) विपद्को उच्च जोखिममा रहेका संभावित वा प्रभावितहरुलाई उपलब्ध गराउने नगद सहायता रकम नेपाल सरकारद्धारा स्विकृत मापदण्डको अधिनमा रही समितिले निर्धारण गरे अनुसारको हुनेछ ।

(२) यदि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण वा गृहमन्त्रालयको विपद् व्यवस्थापन शाखाले जारी गरेको न्युनतम खर्च टोकरीको बिश्लेषण सम्बन्धी तथ्याङ्क उपलब्ध भए यसैका आधारमा नगरपालिकाले उपदफा (१) बमोजिम नगद सहायताको आकार निर्धारण गर्ने या परिमार्जन गर्ने छ ।

(३) नगरपालिकाले कामको लागि नगद सहायता वितरण गर्दा नगरपालिकाको ज्याला निर्धारण समितिले निर्धारण गरेको आधारमा हुनेछ ।

**११. नगद सहायता वितरणको माध्यम :** (१) नगरपालिकाले नगद सहायता वितरण गर्दा देहाय बमोजिमका विधि/पद्धति मध्ये कुनै एक उपयुक्त बिधि अवलम्बन गर्न सक्नेछ ।

(क) बैक तथा वित्तीय सेवा प्रदायक भ्–ऋब्क्ज मार्फत नगद हस्तान्तरण

(ख) बिधुत्तीय उपकरणको माध्यम मार्फत नगद हस्तान्तरण

(ग) भौचर/कुपन प्रणाली मार्फत नगद हस्तान्तरण

(घ) प्रत्यक्ष नगद हस्तान्तरण/वितरण

(२) उक्त कुनै एक बिधि मार्फत सबै लाभग्राहीहरुलाई सहायता रकम वितरण गर्न नसकीएको खण्डमा अन्य बिधिलाई पनि सामेल गरि बहुपद्धती अपनाउन सकिनेछ ।

(३) कामका लागि नगद कार्यक्रम संचालनको भुक्तानी दिदा नगरपालिकाले तोकेको कार्यसम्पादन पश्चात प्राबिधिक मुल्याङ्कन गरि तयार पारेको प्रतिवेदनको आधारमा हुनेछ ।

## परिच्छेद - ५
## विविध

**१२. अनुगमन तथा गुनासो सुनुवाई सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिम लक्षित लाभग्राहीले सहायता मार्फत पाउने नगद प्राप्त गरे वा नगरेको सुनिश्चित गर्न, नगद सहायता वितरणको सम्बन्धमा देखिएका गनुासोहरुको सम्बोधन गर्न तथा यस सम्बन्धी अन्य सूचना एवं तथ्याङ्कहरुको संकलन/विश्लेषण गर्न नगर उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिमको अनुगमन तथा गुनासो सुनुवाई समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) गैर सरकारी संघ संस्थाहरु मध्येबाट एक जना प्रतिनिधि | -सदस्य |
| (घ) स्थानीय रेडक्रसको प्रतिनिधि | -सदस्य |
| (ङ) पालिकाको विपद सम्पर्क व्यक्ति | -सदस्य सचिव |





(२) उप दफा (१) बमोजिमको समितिले गरेको अनगुमनको प्रतिबेदन नगर कार्यपालिकामा पेस गर्नुपर्नेछ ।

**१३. प्रचलित कानुन बमोजिम कारवाही हुने :** दफा १२ बमोजिम अनुगमन गर्दा यस कार्यविधि प्रतिकुल हुने गरी वा प्रचलित कानुन बिपरित नगद वितरण गरेको या गराईएको पाईएमा त्यस्ता संघ/संस्था, पदाधिकारी वा कर्मचारीहरुलाई प्रचलित कानुन वमोजिम कारवाही गरिने छ ।

**१४. नगद सहायता प्रवाह सम्वन्धि व्यवस्था :** (१) विपद् प्रभावितहरुलाई उपलब्ध गराइने नगद सहायता नगरपालिकामा रहेको विपद् व्यवस्थापन कोष मार्फत प्रवाह हुनेछ ।

(२) उपदफा (१) वमोजिम विपद् व्यवस्थापन कोष मार्फत नगद प्रवाह गर्न असहज परिस्थिति रहेको अवस्थामा समितिसंगको समन्वय तथा सहकार्य मार्फत सहयोगी संघ/संथाहरुले यस कार्यविधिको मार्ग निर्देशन अनसुार नगद सहायता प्रदान गर्न सक्नेछन ।

**१५. समन्वय र सहकार्य सम्वन्धि व्यवस्था :** नगरपालिकाले तथ्याङ्क संकलन, अवस्था विश्लेषण, नगद सहायताको ढाँचाको तर्जुमा, योजना तर्जुमा एवं कार्यन्वयन तथा अनगुमन गर्न विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत साझेदार संघ/संस्थाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ ।

१६. स्वीकृति लिनुपर्ने : (१) विकास साझेदार, अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्था एवं निकायहरुले यस कार्यविधि बमोजिम राहत वितरण गर्न चाहेमा प्रचलित कानुन बमोजिम नेपाल सरकारको स्विकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित संघसंस्था बाहेक राष्ट्रियस्तरका अन्य गैरसरकारी संघसंस्थाले नगरपालिकाको स्वीकृति लिइ राहत वितरण गर्न सक्नेछन ।

**१७. नगद सहायता प्रयोगमा बन्देज :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको शिर्षक एवं अवस्थामा नगद सहायता वितरण गर्न पाईने छैन :-

(क) नियमित प्रशासनिक कार्यको लागि,

(ख) कुनैसरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलब, भत्ता वा अन्य उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) कुनै पनि किसिमको चन्दा, पुरुस्कार तथा उपहार दिन,

(ङ) कुनै पनि किसिमको गोष्ठी, अन्तरक्रिया वा सभा सम्मेलन संचालन गर्न गराउन,

(च) "कामको लागि नगद" मोडालिटी/ढाँचा अनसुार आकस्मिक रुपमा पुनर्लाभ/ पुननिर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माण सम्वन्धी कार्य गर्न, गराउन,

(छ) विपद् जोखिम न्युनिकरण तथा विपद् व्यवस्थापनसंग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन ।

**१८. एकद्धार प्रणाली अवलम्वन गर्ने :** दफा १४, १५ र १६ अनसुार विकास साझेदार तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था/निकायहरुले यस कार्यविधि बमोजिम नगद सहायता सम्वन्धि कार्यक्रम संचालन गर्दा सूचना व्यवस्थापन, आवश्यक समन्वय, प्राबिधिक सहायता एवं नवीनतम प्रविधिको प्रयोग साझा लक्ष्य हासिल गर्न एकद्बार प्रणाली कायम हुने गरी नगरपालिकासंग सहकार्य गर्नुपर्नेछ ।

**१९. नगद सहायता वितरणको सार्वजनिकीकरण :** यस कार्यविधि बमोजिमको नगद सहायता कार्यक्रम सम्वन्धि सम्पूर्ण विवरण सम्वन्धित वडा कार्यालय तथा नगरपालिकाले सुरक्षित राखी सोको विवरण कार्यालयको सूचना पाटी वा वेवसाईट मार्फत सार्वजनिक गरिनेछ ।

**२०. लेखा तथा लेखापरिक्षण सम्वन्धि व्यवस्था :** यस कार्यविधि बमोजिम वितरण गरिएको नगद सहायताको लेखा तथा लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**२१. संशोधन गर्न सक्ने :** यस कार्यविधिमा आवश्यकता अनुसार नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**२२. स्वतः खारेज हुने :** यो कार्यविधि तथा यसका दफा संघ तथा प्रदेश कानूनसँग बाझिएको हदसम्म स्वतः खारेज भएको मानिनेछ ।

## अनुसूची-१

(दफा ५ सँग सम्बन्धित)

### आधारभूत बजार व्यवसाय सूचना फाराम

| क.सं. | बजारको सञ्चालन तथा नगद सहायता संग सम्बन्धीत मुख्य विश्लेषणात्मक प्रश्नहरु (आधारभुत बजार व्यवसाय सूचना फाराम) | बजार प्रणालीको क्षमता/सञ्चालन | | | बजार प्रणालीमा क्षतिको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | छैन | निर्वाहमुखी छ | पूर्ण रुपमा छ | पूर्ण क्षति | आंशिक क्षति | पूर्ण सञ्चालन |
| १ | बजार प्रणालीको न्यूनतम सञ्चालन अवस्था कस्तो छ ? | | | | | | |
| २ | के खुद्रा व्यवसाय सञ्चालित छन ? या तत्काल सञ्चालनका सम्भावना सहित छन ? | | | | | | |
| ३ | खुद्रा व्यवसायहरु यदि सञ्चालनमा छन् या तुरुन्तै सञ्चालनमा आउन सक्दछन भने ति व्यवसायहरुले स्थानीयवासीको मागलाई सम्बोधन गर्न सक्दछन् ? | | | | | | |
| ४ | के थोक व्यवसाय सञ्चालनमा छन् या तत्कालै सञ्चालनमा आउन सक्ने सम्भावना सहितका छन् ? के थोक व्यवसायले खुद्रा व्यवसायलाई माग अनुसार आपूर्ति गर्न सक्छ ? | | | | | | |
| ५ | के प्रभावित समुदाय (हरु) नजिकको बजार सम्म किनमेलको लागि आवतजावत गर्न सक्दछन् ? (दुरी, पुल-पुलेसा, बाटो-घाटो, सवारी साधनको प्रयोग आदि) | | | | | | |
| ६ | बजार प्रतिस्प्रधात्मक अवस्था रहेको/नरहेको ? | | | | | | |
| ७ | अत्यावश्यक आधारभूत बस्तु, सामग्री, सेवा उपलब्ध छ, छैन ? | | | | | | |
| ८ | स्थानीय व्यापार एवं व्यवसायिक गतिविधिको अवस्था कस्तो छ ? | | | | | | |
| ९ | गोदामको अवस्था, भण्डारण क्षमता र सामग्री उपलब्धता के कस्तो छ ? | | | | | | |
| १० | अन्य (उल्लेख गर्ने) | | | | | | |





**विश्लेषण टिप्पणी**

१. यदि उत्तर “छैन” अथवा “पूर्ण क्षति” आएमा तत्कालिन अवस्थामा प्रत्यक्ष नगद सहयोग अनुचित ठहरिन्छ

२. यदि नगद प्रवाहको माध्ययमबाट तत्काल संचालन हुन सक्ने पुष्टि भएमा सहायता कार्यक्रम संचालन गर्न सकिने छ ।

३. यदि स्थानीय बजार संचालनमा रहेमा, या तत्कालै संचालनमा आउन सक्ने अवस्था भएमा नगद सहायता कार्यक्रमको गुणक-प्रभावद्वारा माग-आपूर्ति सम्बन्ध विस्तारै सचारु हुने हुनाले नगद सहायता कार्यक्रम उपुक्त हुन जान्छ ।

४. थोक व्यवसाय स्थानीय खुद्रा व्यवसायीहरुको पहुँचमा रहि स्थानीय खुद्रा व्यवसायलाई माग अनुसार आपूर्ति गर्न सक्ने भएमा नगद सहायता कार्य गर्न प्रवल संभावना रहन्छ ।

५. स्थानीयवासी नजिकको बजार सम्म आवतजावत गर्दा झनै जोखिम बढ्ने, धेरैसमय लाग्ने, असुरक्षित महशुस गर्ने जस्ता समस्या देखिएमा नगद सहायता कार्यक्रमकै “पैसाका लागि काम” कार्य सकिन्छ ।

६. बजार प्रतिस्प्रधात्मक हुँदा नगद सहायता कार्यक्रमका नकारात्मक प्रभावहरु कम हुँदै जान्छन ।

७. के बजारले जनताको आधारभूत आवश्कता पूर्ति गर्न सक्दछ ? यदि सक्ने अवस्था देखिएमा नगद सहायता कार्यक्रमहरु सान्दर्भिक, उपलब्धिमुलक एवं प्रभावकारी हुन्छन ।

८. यदि बजारमा विपद्को प्रभाव न्यून हुंदा हुंदै पनि व्यापार/व्यवसाय न्युन छ भने नगद सहायता कार्यले बजारमा नगद प्रवाह गरि व्यापार बृद्धि गर्न टेवा पुर्याउने हुन जान्छ ।

९. बस्तु तथा सेवाको बजार भाउ, सामग्रीहरुको भण्डारण/गोदाम, ढुवानी सेवा एवं स्थानीय यातायात आदिको तथ्याङ्क विश्लेषण गर्दा नगद सहायता कार्य सम्बन्धी निर्णय गर्न सहज हुनेछ ।

१०. अन्य ।

## अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

### लाभग्राही पहिचानको अभिलेखाङ्कन फाराम

जिल्ला : दैलेख — नगरपालिका : चामुण्डाबिन्द्रासैनी नगरपालिका

वडा नं. : — टोल :

| सि. नं. | लागग्राही परिवारको नाम | परिवार सदस्य संख्या | लाभग्राहीको वर्गिकरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | बढी प्रभावित | आंशिक प्रभावित | बिपन्न | संकटासन्न | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

### राहत प्राप्त गर्ने लाभग्राही अभिलेखाङ्कन फारम

जिल्ला : दैलेख नगरपालिका : चामुण्डाबिन्द्रासैनी नगरपालिका

वडा नं. : टोल :

| स.नं. | लाभग्राही परिवारको नाम | परिवार सदस्य संख्या | लाभग्राहीको वर्गीकरण अनुसार प्राप्त गर्ने/गरेको नगद सहायता राशी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | बढी प्रभावित परिवारले प्राप्त गर्ने नगद सहायता राशी | आंशिक प्रभावित परिवारले प्राप्त गर्ने नगद सहायता राशी | बिपन्न परिवारले प्राप्त गर्ने नगद सहायता राशी | संकटासन्न परिवारले प्राप्त गर्ने नगद सहायता राशी | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-३

(दफा २ को खण्ड (ढ) सँग सम्बन्धित)

### विवरण पश्चातको अनुगमन/ Post Distribution Monitoring (PDM)

नगद तथा भौचर सहायता वितरण पश्चात अनुगमन गरिने व्यवस्था समितिले गर्नेछ। यस कार्यमा कम्प्युटर अप्लिकेसन, जस्तै : KOBO आदि औजारहरु पनि प्रयोग गरि सूचना संकलन तथा विश्लेषण सहज र छरितो बनाउन सकिनेछ।

निम्न सूचनाहरु नछुट्ने गरि PDM फारम तयार गरिनेछ।

| क्र.सं. | मुख्य प्रश्न (हरु) | कैफियत |
|---|---|---|
| १ | प्रश्नकर्ता र अन्तर्वाताकारको नाम, ठेगाना, सम्पर्क नम्वर | |
| २ | उत्तरदाताको विस्तृत विवरण (पालिका, वडा, टोल, नाम, शारीरिक अवस्था, उमेर, लिङ्ग, परिवार संख्या, घरमुलीको नाम आदि। | *व्यक्तिगत सूचनाहरु व्यक्तिगत गोपनियता ऐन, २०७५ को मर्म अनुसार सहमति पश्चात मात्र संकलन गर्ने र सुरक्षाको सुनिश्चितता गर्ने* |
| ३ | नगद सहायता राशी कति र किन त्यती बराबर पाएको, कति पटकमा पाएको, परिवारमा कसले पाएको आदि सूचनाहरु | |
| ४ | सोझै नगद राशी पाएको या बैंकमा जम्मा भएको, या अन्य माध्यमबाट पाएको वारेमा जानकारी | |
| ५ | उपयोगितावारे सामान्य जानकारी जस्तै :- के उक्त सहयोगले अवस्था सहज भयो ? के अत्यावश्यक सामाग्रीहरु उपलब्ध हुन सके ? कुन कुन प्रयोजनको लागि उक्त सहयोग उपयोग गरियो ? परिवारमा क-कसले उपयोग गरे ? के उक्त नगद सहायताले तत्कालका समस्याहरुको समाधान गर्न मद्धत पुग्यो ? | *उपयोगिताकोवारेमा सूचनाहरु अति गोप्य र व्यक्तिगत हुने हुनाले अत्यावश्यक सूचनाहरुमात्र संकलन गर्ने* |
| ६ | जोखिमकोवारेमा केहि जानकारी संकलन गर्दा भविश्यमा त्यस्ता जोखिम शुरुवाती चरणमै पहिचान गरि न्यूनिकरण गर्न मद्धत पुग्ने हुँदा सूचनाहरु जस्तै :- चोरी, धम्कि, लूट आदिको समस्या रहयो या रहेन ? | |
| ७ | नगद तथा सहायता कार्यक्रमको सकारात्मक एवं नकारात्मक अनुभव संकलन | |
| ८ | नगरपालिका अथवा सहयोगि संस्थालाई सझावहरु | |
| ९ | नगद उपलब्ध गरिने पद्धति (नगद सहायता ढाँचा) को वारेमा सुझावहरु | |
| १० | गुनासो सुनुवाइ सम्बन्धी विचार, सुझाव, सल्लाहहरु<br>- जस्तै : पैसा पाउने वारेमा जानकारी कहाँबाट पाउनु भयो ?<br>- कहाँ जाने लिन, कति पाउने ? कसरी पाउने ?<br>- यदि गुनासो भएको भए कहाँ र कसलाई भन्नुभयो ? आदि। | |



खण्ड ६ (संख्या ३) असाड २२ गते २०८०

आज्ञाले
श्याम बहादुर रावत
नि.प्रमुख प्रशासकीय अधिकृत